बैठक संख्या: ४०
समय बेलुका: ३ बजे

आज मिति २०७६ साल असार ०८ गते यस नलगाड नगरपालिकाका नगर प्रमुख श्री टेक बहादुर रावलको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको निर्णयहरु गरियो ।

उपस्थितीहरु

| क.स | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री टेक बहादुर रावल | |
| २ | नगर उपप्रमुख | श्री बाल कुमारी बस्नेत | |
| ३ | वडा अध्यक्ष वडा नं १ | श्री हिरालाल पुन | |
| ४ | वडा अध्यक्ष वडा नं २ | श्री राम कुमार जैसी | |
| ५ | वडा अध्यक्ष वडा नं ३ | श्री प्रचण्ड वली | |
| ६ | वडा अध्यक्ष वडा नं ४ | श्री लक्ष्मी बहादुर रावल | |
| ७ | वडा अध्यक्ष वडा नं ५ | श्री केशव प्रसाद शर्मा | |
| ८ | वडा अध्यक्ष वडा नं ६ | श्री पुर्ण बहादुर खडका | |
| ९ | वडा अध्यक्ष वडा नं ७ | श्री अर्जुन बहादुर सिंह | |
| १० | वडा अध्यक्ष वडा नं ८ | श्री गोबिन्द शाही | |
| ११ | वडा अध्यक्ष वडा नं ९ | श्री बिष्णु बि.क | |
| १२ | वडा अध्यक्ष वडा नं १० | श्री भद्र बहादुर ध्यार | |
| १३ | वडा अध्यक्ष वडा नं ११ | श्री जित बहादरु मल्ल | |
| १४ | वडा अध्यक्ष वडा नं १२ | श्री लाल बहादुर खत्री | |
| १५ | वडा अध्यक्ष वडा नं १२ | श्री नरेन्द्र बहादुर शाही | |

नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दल्ली, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

मिति : २०७६।०३।०८ गतेको नगर कार्यपालिकाको वैठकको निर्णय

## प्रस्तावहरु

१. नलगाड नगरपालिकाको आर्थिक विधेयक, २०७६ पेश सम्वन्धमा ।

२. नलगाड नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम पेश सम्वनधमा ।

३. आर्थिक वर्ष २०७६।७७ को बजेट बक्तव्य सम्वन्धमा ।

४. रकमान्तर गर्ने सम्वन्धमा ।

५. बार्षिक विकास कार्यक्रम स्वीकृतिको लागि पेश गर्ने सम्वन्धमा ।

६. नलगाड नगरपालिकाको विनियोजन विधेयक, २०७६ पेश सम्वन्धमा ।

## निर्णयहरु

निर्णय नं. १ :

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, कर्णाली प्रदेश सरकारको आर्थिक ऐन २०७६, नेपाल सरकारबाट प्राप्त मार्गदर्शन, कर्णाली प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन र नलगाड नगरपालिकाको विभिन्न वस्ती तथा टोल स्तरबाट आएको सुझाव, स्थानीय राजश्व परामर्श समितिको प्रतिवेदन लगायतको आधारमा नलगाड नगरपालिकाको अर्थ सम्वन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक नलगाड **नगपालिकाको आर्थिक विधेयक, २०७६** नलगाड नगर कार्यपालिकाबाट पारित गरि स्वीकृतिको लागि नलगाड नगर सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. २ :

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, नेपाल सरकारबाट प्राप्त मार्गदर्शन, कर्णाली प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन र नलगाड नगरपालिकाको विभिन्न वस्ती तथा टोल स्तरबाट आएको सुझाव, विभिन्न राजनैतिक पार्टी, विज्ञहरु, कर्मचारीहरुको सल्लाह सुझाव, स्थानीय आवश्यकता तथा प्राथमिकता, विभिन्न विषयगत समितिहरुको सुझाव र बजेट तथा कार्यक्रम तर्जुमा समितिको

सिफारिस समेतको आधारमा नलगाड नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को **वार्षिक नीति तथा कार्यक्रम** नगर कार्यपालिकाबाट पारित गरि स्वीकृतिको लागि नलगाड नगर सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ३ :

नलगाड नगरपालिकाको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मिति २०७६।०१।१० गतेको निर्णय, नलगाड नगर कार्यपालिकाको कार्यालयको आर्थिक वर्ष २०७५।७६ को वार्षिक खर्चको विवरण, स्थानीय आवश्यकता तथा प्राथमिकता, विभिन्न विषयगत समितिहरुको सुझावको आधारमा आर्थिक वर्ष २०७६।७७ मा **रु. ४१,५०,००,०००।०** अक्षरुपी एकचालिस करोड पचास लाखको बजेट सीमा भित्र रहि वार्षिक योजना तथा कार्यक्रम सहितको **बजेट बक्तव्य** नगर कार्यपालिकाबाट पारित गरि स्वीकृतिको लागि नलगाड नगर सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ४ :

यस नलगाड नगरपालिकाको आन्तरिक राजश्वको विभिन्न योजना मर्मत सम्भार तथा कार्यक्रम शीर्षकबाट रकमान्तर हुने गरि तपशिल बमोजिमका योजना तथा कार्यक्रमहरुमा रकमान्तर गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

| क्र.सं | योजना तथा कार्यक्रमको नाम | ठेगाना | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | झुप्रेखोला ल.ज.वि.को कुलो मर्मत | वडा नं. २ | २००००० | |
| २ | त्रिवेणी र कालीमाटी जोड्ने सडक मर्मत | वडा नं. २ र ५ | १८०००० | |
| ३ | काल्लाखे खानेपानी मुहान संरक्षण तथा मर्मत | वडा न. ७ | ५००००० | |
| ४ | आधारभुत पत्रकारिता तालिम सञ्चालन | नगरक्षेत्र | २००००० | |
| ५ | प्राथमिक स्वास्थ्य चौकी लहँ कोठा थप | वडा नं. ४ | ५०००० | |
| ६ | बादी समुदाय टहरा निर्माण कार्यक्रम | वडा नं. ७ | १५०००० | |
| | जम्मा रु | | १२,८०,००० | |

निर्णय नं. ५ :

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, नेपाल सरकारबाट प्राप्त मार्गदर्शन, कर्णाली प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन र नलगाड नगरपालिकाको विभिन्न वस्ती तथा टोल स्तरबाट छनौट भएका योजना तथा कार्यक्रम, विभिन्न संघ संस्था, समुह लगायत विभिन्न वर्ग, क्षेत्र र समुदायका व्यक्तिहरुको सुझाव, राजनैतिक दल, कर्मचारीहरुको सल्लाह सुझाव, स्थानीय आवश्यकता तथा प्राथमिकता, वडा समितिबाट प्राथमिकिकरणमा परेको योजना तथा कार्यक्रम, विभिन्न विषयगत समितिहरुको सुझाव, नलगाड नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को वार्षिक नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम तर्जुमा समितिको सिफारिस लगायतको आधारमा तयार गरिएको आर्थिक वर्ष २०७६।७७ को **नलगाड नगरपालिकाको वार्षिक विकास कार्यक्रम** नगर कार्यपालिकाबाट पारित गरि स्वीकृतिको लागि नलगाड नगर सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ६ :

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, नलगाड नगरपालिकाको विभिन्न वस्ती तथा टोल स्तरबाट आएको सुझाव, राजनैतिक दल, विज्ञहरु, कर्मचारीहरुको सुझाव, विभिन्न विषयगत समितिहरुको सुझाव, बजेट तथा कार्यक्रम तर्जुमा समितिको सुझाव, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको सुझाव, नेपाल सरकारको मार्गदर्शन, कर्णाली प्रदेश सरकारको मार्गदर्शन लगायतको आधारमा तयार गरिएको **नलगाड नगरपालिकाको विनियोजन विधेयक, २०७६** नगर कार्यपालिकाबाट पारित गरि स्वीकृतिको लागि नलगाड नगर सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।